मर्चवारी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

पशु सेवा शाखा

रायपुर, रुपन्देही

# (पशुपंक्षि पालन कृषक समूहको विधान)

(विनियम सहित)

२०७९

पेश गर्ने

श्री........................................

पशुपंक्षि पालन कृषक समूह मर्चवारी गाउँपालिका वडा नं........रुपन्देही

मितिः ..........................

श्री ......................................

.........................................

**विषयः .............................. पशुपंक्षि पालन कृषक समुह दर्ता गरिदिने बारे ।**

महोदय,

यस रुपन्देही जिल्ला मर्चवारी गाउँपालिका वडा नं. ...... टोल..........स्थीत हामी तपशिलका व्यक्तीहरु आफै संगठित भई यस स्थानमा पशुपालन क्षेत्रको विकासमा टेवा पुयउने उद्देश्यले पशुपंक्षिपालन कृषक समुह दर्ता गरी पाउन यसमा आवश्यक कागजात संलग्न राखी निम्नखिलित विवरण सहित यो निवेदन पेश गर्दछौ ।

समुहको विवरणः-

समुहको नाम श्री..................................पशुपंक्षि पालन कृषक समुह स्थापना वर्ष ........समुहको किसिम ............

सदस्य संख्या :- पुरुष.........महिला.......जम्मा ........ दलित...........जनजाती.....................

<u>तपशिल</u>

| क्र.स. | सदस्यको नाम | ठेगाना | पद | हकवालाको नाम / नाता | शैक्षिक योग्यता | जग्गाको क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |
| ११ | | | | | | |
| १२ | | | | | | |
| १३ | | | | | | |
| १४ | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | | | | | | |
| १६ | | | | | | |
| १७ | | | | | | |
| १८ | | | | | | |
| १९ | | | | | | |
| २० | | | | | | |
| २१ | | | | | | |
| २२ | | | | | | |
| २३ | | | | | | |
| २४ | | | | | | |
| २५ | | | | | | |

# श्री...................................................पशुपंक्षि पालन कृषक समुह
## मर्चवारी गाउँपालिका वडा नं............
### विधान -२०७९

**प्रस्तावना :-**

यस लुम्बिनी प्रदेश रुपन्देही जिल्ला मर्चवारी गाउँपालिका वडा नं........गाउँ/टोल.............का कृषकहरुले पछाडी परेको वर्गहरु (दलित, महिला, उत्पीडित आदि) लाई संलग्न गरी पशु तथा पशुजन्य वस्तुको उत्पादन, उत्पादकत्व बढाउन उपात्दन वस्तुलाई सुलभ बनाउन उत्पादित वस्तुको विक्री वितरण एवं व्यवस्थापन गर्न उन्नत प्रविधि आय वृद्धि बचत संकलनबाट आत्मनिर्भर वनाउन पशुपालन क्षेत्रको विकासमा टेवा पुऱ्याउने उद्देश्यले यस श्री..................................................पशुपंक्षि पालन कृषक समुहको स्थापना भएको हो । यस समुहले नेपालको प्रचलित कानुनको परिधि भित्र रही आफ्नो उद्देश्यहरु कार्यन्वयन लक्ष्य राखेको छ ।

### परिच्छेद -१

**१.संक्षिप्त नाम र प्रारम्भः**

क)समुहकोनामः-यस समुहको नाम श्री ................................ पशुपंक्षि पालन कृषक समुह मर्चवारी गाउँपालिका वडा नं.... रुपन्देही २०७९ हुनेछ।

ख) यो विधान मर्चवारी गाउँपालिका पशु सेवा शाखा, रायपुर रुपन्देही मा दर्ता भएपछि तुरुन्त लागु गरिने छ ।

ग) संस्थाको कार्यक्षेत्र : यस संस्थाको कार्यक्षेत्र स्थान मर्चवारी गाउँपालिका भरि तथा रुपन्देही जिल्ला भरी रहने सक्नेछ र आवश्यकता अनुसार जिल्ला र राज्यको ७७ जिल्लाहरुमा कार्यक्रम संचालन गर्न सकिने छ ।

**२ परिभाषाः- विषय वा प्रसंगले अर्थ नलागेमा यो विधानमा**

**क)** समूह भन्नाले यस विधानमा उल्लेखित उन्नत पशुपालन कार्यद्धारा पशुजन्य पदार्थको उत्पादन उत्पादकत्व बढाई आर्यआर्जन गर्न ईच्छुक कृषकहरुलाई समूलाई जनाउने छ ।

**ख)** सदस्य भन्नाले श्री...........................पशुपंक्षि पालन कृषक समुहको उद्देश्य अनुसार उत्पादन र उत्पादकत्व बढाउन विधानको दफा ६ बमोजिम सदस्यता लिएको हुनेछ ।

**ग)** कार्य समिती भन्नाले विधान अनुसार निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, सदस्य पदाधीकारीहरुलाई जनाउने छ ।

**घ)** साधारण सभा भन्नाले यस विधानको दफा १२ बमोजिम गठित सभालाई जनाउने छ ।

३.समूहको छाप गोलो घेरा भित्र यस समूहको नाम श्री.................पशुपंक्षि पालन कृषक समूह मर्चवारी गाउँपालिका वडा....नं.........रुपन्देही २०७९ रहने छ ।

४ समूहको कार्यालय लुम्बिनी प्रदेश रुपन्देही जिल्ला मर्चवारी गाउँपालिका वडा नं......रुपन्देही हुनेछ ।

## परिच्छेद -२

**५) उद्देश्य र कार्य :-**

**क) उद्देश्य :-**

सदस्यहरुको सामाजिक, आर्थिक, पशुजन्य व्यवसायिक हितलाई ध्यानमा राखी देहायका उल्लेखित केन्द्रको उद्देश्य हुनेछ ।

१.१ पशुपंक्षि पालन व्यावसायलाई आधुनिकीकरण एवं व्यावसायिकीकरण गरी उत्पादकत्व वृद्धिका लागि एकजुट भई काम गर्ने ।

१.२ सदस्यहरुको आर्थिक तथा सामाजिक जीवनस्तर उठाउने ।

१.३ सदस्यहरुमा स्वालम्बन ज्ञान, पारस्परिक सहयोग र मितव्ययिताको भावना सिर्जना गर्ने ।

१.४ पशुजन्य उत्पादनमा बृद्धि गरी पशुजन्य बस्तुको उपलब्धतामा आत्मनिर्भर हुने ।

**ख) कार्यहरु :-**

समूहको विधानको परिच्छेद २ दफा ५(क) बमोजिम उद्देश्यहरु प्राप्त गर्न यो समूहले देहाय बमोजिमका कार्यहरु गर्नेछ ।

**१) पशुजन्य उत्पादन :-**

१.१ दुध,अण्डा,मासु उत्पादनमा आत्मनिर्भर हुनेछ ।

१.२ उन्नत पशुपंक्षि पालन प्रविधिबाट व्यवसायिक पशुपंक्षि पालनमा बृद्धि हुनेछ ।

१.३ पशुपंक्षि पालन व्यावसायबाट आत्मनिर्भर हुने ।

१.४ उन्नत पशुपंक्षि पालन प्रविधि अपनाउने ।

१.५ पशुपंक्षि पालनबाट आयवृद्धि गर्ने ।

१.६ समूहबाट बजार व्यवस्थापन गर्ने ।

१.७ कृषकद्धारा उत्पादित पशु, पशुपंक्षिजन्य पदार्थको मूल्यमा एकरुपता ल्याउने ।

१.८ सदस्यको सीपमा वृद्धि गर्नका लागि अन्य कार्यक्रमहरु तर्जुमा गरी संचालन गर्ने ।

१.९ सदस्यको आर्थिक अवस्था सुधार गर्न सक्ने किसिमका अन्य क्रियाकलाप संचालन गर्ने ।

१.१० सदस्यहरु विच स्वावलम्बन, पारस्परिक सहयोग एवं मितव्ययिताको अभिवृद्धि गरी नियमित बचत गर्ने बानीको विकास गर्ने ।

१.११ सदस्यहरुमा उत्पादनशिल आयमुलक एवं सीपमुलक उद्देश्यका लागि सदस्यहरुलाई सुलभ व्याजदर ऋण उपलब्ध गराउने ।

१.१२ आफ्नो उद्देश्य पुरा गर्नका लागि समान उद्देश्य भएका स्थानिय, क्षेत्रीय, राष्ट्रिय र अन्तरराष्ट्रिय संघ संस्थाहरुमा सहयोगात्मक भावना कायम गर्ने ।

१.१३ पशुपंक्षि पालनसँग सम्बन्धित अन्य कृषक समूह सहकारी वित्तिय संघ संस्थासँग सम्पर्क कायम गरी जानकारी एवं सूचना आदान प्रदान गर्ने ।

१.१४ यस क्षेत्र, भेगको कृषकहरुद्धारा उठाएका समस्याहरुलाई मर्चवारी गाउँपालिका पशु सेवा शाखा..................रुपन्देहीले अनुसन्धान समूह तथा अन्य निकायलाई सम्पर्कद्धारा जानकारी उपलब्ध गराई समाधान निकाल्ने प्रयास गर्ने ।

१.१५ मासिक बचत तथा हितकोष संकलन गर्ने ।

१.१६ संकलित बचत तथा हित कोषका प्रभावकारी परिचालन गर्ने ।

१.१७ समूह वा सदस्यलाई आवश्यक ऋण उपलब्ध गराउने ।

१.१८ माथि उल्लेखित उद्देश्यहरु पुर्ति गर्न अन्य कार्यहरु गर्ने ।

## परिच्छेद -३

**६.सदस्यता :-**

एकै उद्देश्य एवं समान आर्थिक अवस्था भएका यस समूहको विधानको परिधी भित्र रहने ईच्छा व्यक्त गरेका व्यक्तिलाई यस समूहको सदस्यता प्रदान गर्न सक्नेछ । तर सदस्य हुन चाहने व्यक्तिले कम्तीमा समूहका सदस्यहरुको लिखित सिफारिस साथ निर्धारित ढाँचामा दस्तखत दिनु पर्नेछ ।

७) सदस्यको लागि योग्यता :-

**क)** आफै पशुपंक्षि पालन गर्न सक्षम भएको ।

**ख)** समूहको उद्देश्य अनुरुप कार्य गर्न ईच्छुक भएको ।

**ग)** समूहको विधान अनुसार कार्य गर्न मन्जुरी भएको ।

**घ)** कृषक-कृषक विच आपसी सहयोग बढाउन ईच्छुक भएको ।

**ङ)** सदस्यको लागि १८ वर्ष उमेर पुगेको हुनु पर्नेछ ।

**८) सदस्यको प्रकार :-**

**८.१ साधारण सदस्य :-**

यस विधानको दफा ७ बमोजिम योग्यता पुगेका कुनै पनि नागरिकले तोकिएको पक्रिया अन्तगत रहि आवेदन गरेमा समुह साधारण सदस्यता प्राप्त गर्ने व्यक्तिहरु साधारण सदस्य हुनेछन् ।

सदस्य शुल्क रु.......तिरी साधारण सदस्यको निवेदन दिई कार्य समितीको निर्णय बमोजिम साधारण सदस्यता प्राप्त गर्न सकिनेछ, यस्तो सदस्यले मासिक बचत रु............प्रत्येक महिना जम्मा गर्नु पर्नेछ ।

**९) सदस्यता शुल्कः-**

प्रत्येक सदस्यले सदस्यता शुल्क वापत रु...........पछि फिर्ता नहुने गरि बुझाउनु पर्नेछ ।

**१०) सदस्यता कायम नरहने अवस्था (सदस्यको अयोग्यता) :-**

कार्यसमितीले निम्न अवस्थामा सदस्यलाई सदस्यताको लागि अयोग्य ठहराई सदस्यता प्राप्त गर्न सक्नेछ ।

क) तोकिएको मासिक बचत तथा अन्य तिर्नु पर्ने रकमहरु ६ महिना सम्म नतिरेमा ।

**ख)** विधानको उद्देश्य विपरित कार्य गरेमा वा समूहको रकम हिनामिना गरेमा वा अन्य कुनै कारणले कार्य समितीबाट निष्काशन गरेमा ।

ग) बौलाहा भएमा कानूनी रुपमा बौलाहा वा असंन्तुलित मस्तिष्क भएको प्रमाणित भएमा ।

घ) सदस्यताबाट राजिनामा दिएमा सदस्य रहन नचाहेर लिखित निवेदन कार्य समितीले सदर सिफारिस गरेमा ।

ङ) अपराधिक कार्यमा संलग्न भएको दोष प्रमाणित भएमा ।

च) पशुपंक्षिपालन पेशा त्यागी अन्य कार्य गर्न थालेमा ।

छ) सदस्यको मृत्यु भएमा ।

ज) समूहको संचालन र प्रगतीमा हानी हुने कुनै किसिमको कार्य गरेमा ।

झ) समूहको सिद्धान्त वा नियम वा प्रतिष्ठामा आच आउने कार्य गरेमा ।

ञ) सदस्यले बसाईसराई गरि अन्त गएमा ।

११. सदस्यता समाप्ती :- देहायको अवस्थामा सदस्यता समाप्ती हुनेछ ।

११.१ सदस्य संख्याको ७५ बहुमत सदस्यहरुबाट हटाउन सक्नेछ ।

११.२ समुहको तिर्नुपर्ने रकम नगदी र जिन्सी सबै बुझाएर राजीनामा दिएमा ।

११.३ सदस्यता नविकरण नगरेमा ।

११.४ विधान विपरित काम गरेमा ।

## परिच्छेद—४

१२) साधारण सभा तथा कार्य समिती

**१२.१ साधारण सभा विधी :-**

यस समूहको सदस्यता प्राप्त सम्पूर्ण सदस्य साधारण सभाको सदस्य हुनेछन् जुन समूहको उच्चतम् निकाय हुनेछ । यसले विधान पारीत एवं संशोधन गर्न सक्नेछ । साधारण सभा वर्षमा १ पटक र साधारणतया बैठक महिनामा बस्नेछ । तर आवश्यकता अनुसार जुनसुकै बेला पनि साधारण सभा बोलाउन सकिनेछ ।

**१२.२ साधारण सभाको अधिवेशन—(बैठक)**

कार्यसमितीले तोकेको मिती र समयमा यस समूहको सचिवले अध्यक्षको परामर्श लिई लिखित सूचनाद्धारा सम्पूर्ण सदस्यलाई साधारण सभाको स्थान समय मिती तथा प्रस्तावको जानकारी गराउनु पर्नेछ ।

**१२.३ साधारण सभाको काम कर्तव्य र अधिकार :-**

क) कार्य समितीको निर्वाचन गर्ने तथा गठन गर्ने ।

ख) विधान संशोधन गर्ने ।

ग) वार्षिक बजेटको अनुमोदन गर्ने ।

घ) आवश्यक नीति निर्देशन तय गर्ने कार्य समितीको मूल्याङ्कन गर्नु ।

ङ) समूहको वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।

च) समूहको वार्षिक कार्ययोजना बनाउने ।

छ) कार्य समितीको साधारण सभाका सदस्यद्धारा प्रस्तावित कुनै पनि कार्यहरुको योजना माथि निर्णय दिने ।

ज) समूहले कार्य योजना बनाउँदा कम्तीमा ६० प्रतिशत पशुपंक्षि पालन सम्बन्धी कार्यक्रम बनाउने ।

**१२.४) साधारण सभाको किसिम :-**

समूहको साधारण सभाको बैठकमा कम्तीमा ५१ प्रतिशत सदस्यहरुको उपस्थितमा हुनेछ । यदि नभए फेरी ३ दिन भित्र अर्को सभा बोलाउनु पर्नेछ । यसमा कुल साधारण सदस्यको २५ प्रतिशत उपस्थिती भएमा पनि यो सभाको बैठक बस्नेछ ।

**१२.५) कार्य समिती गठन विधी :-**

क) कार्य समिती ७ देखि ११ सदस्यको हुनेछ ।

ख) कार्य समितीमा अध्यक्ष, सचिव, कोषाध्यक्ष तथा सदस्यहरु हुनेछन् । आवश्यकताअनुसार उपाध्यक्ष तथा सह सचिवको पनि व्यवस्था गर्न सकिनेछ ।

ग) कार्य समितीका पदाधीकारीहरुको बैठक हरेक महिनाको ५ गते हुनेछ । तर आवश्यकता भए जुनसुकै समयमा पनि बस्न सकिनेछ ।

घ) कार्य समितीको पदाधीकारीहरको कार्य अवधी ३ वर्षको हुनेछ ।

ङ) कार्य समितीको कुनै पद खाली भएमा साधारण सदस्यमध्येबाट कसैलाई पनि कार्य समितीको बहुमतबाट मनोनित गर्न सकिनेछ ।

च) कार्य समितीको किसीम २ तिहाईलाई मानिनेछ तथा निर्णय बहुमतद्धारा हुनेछ ।

छ) साधारण सभाका सदस्यहरुले आफु मध्येबाट निर्वाचन प्रक्रियाद्धारा अध्यक्ष, सचिव, कोषाध्यक्ष तथा अन्य पदाधिकारीहरुको चयन गरी कार्य समिती गठन गर्नेछ ।

१२.६) कार्य समितीको काम, कर्तव्य र अधिकार :

क) विधानको परिधी भित्र रही समूहको उद्देश्य अनुरुप साधारण सभाले गरेको नीति निर्देशनलाई पालना गर्ने ।

ख) समूहको वार्षिक कार्यक्रम बनाउने तथा ~~समूहको~~ क्रियाकलापहरु संचालन गर्ने ।

ग) सरकारी तथा गैरसरकारी संस्थाहरुसँग सम्पर्क वृद्धि गर्ने । पशु सेवा सम्बन्धित अन्य संघ संस्थाहरुसंग सम्मन्वय गरी बढी भन्दा बढी सहयो प्राप्त गर्ने ।

घ) सहकारीमा जाने प्रयास गर्ने ।

ङ) समूहको कार्य योजना बनाई लागू गर्ने ।

च) समूहको वार्षिक प्रतिवेदन बनाउने र प्रस्तुत गर्ने ।

## परिच्छेद–५

१३) पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

**१३.१) अध्यक्ष :-**

क) साधारण सभा र कार्य समितीको बैठक अध्यक्षता गर्ने ।

ख) साधारण सभा तथा कार्य समिती समेतद्धारा पारित निर्णयहरुको पालना गर्ने गराउने ।

ग) समूहद्धारा संचालित सम्पूर्ण कार्यको रेखदेख गर्ने ।

घ) निर्णयको क्रममा मत बराबर भएको बेला आफ्नो मत दिने ।

ङ) समूहको सम्पत्तिको सुरक्षा गर्ने ।

च) समूहको उन्नती प्रगतीको लागि सक्षम तथा गतिशिल नेतृत्व प्रदान गर्ने ।

छ) सचिवलाई बैठक बोलाउन निर्देशन दिने ।

ज) समूहको आवश्यकता अनुसार छलफल गरी बैठक राख्ने र बैठकको अध्यक्षता गर्ने ।

झ) समूहले गरेका निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

ञ) समूहको हितका लागि विभिन्न श्रोतहरुबाट सेवा उपलब्ध गर्ने पर्यत्न गर्ने ।

ट) विभिन्न सेवा प्रदायक संघ संस्थाहरुसँग समन्वय गर्ने ।

ठ) समूहको गतिविधीहरुलाई प्रभावकारी तुल्याउनु योगदान गर्ने ।

ड) समूहमा हुने बिवादास्पक कुराहरुलाई समूह भित्रैबाट सुल्झाउने ।

ढ) समूहको सर्वपरी हितको लागि नेतृत्व गर्ने ।

ण) बैठकमा आम सहमतीबाट निर्णय गर्ने परिपाटी बसाल्ने ।

त) बैठकमा सदस्यहरुको भावना र विचार समेट्ने ।

**१३.२) उपाध्यक्ष :-**

क) अध्यक्षको सहायक भई कार्य गर्ने ।

ख) अध्यक्षको अनुस्थितीमा अध्यक्षले गर्ने सबै कार्य गर्ने ।

ग) अध्यक्षले दिएको जिम्मेवारी पुरा गर्ने ।

**१३.३) सचिवः**

क) अध्यक्षले सामान्ने निर्देशनमा रही साधारण सभा तथा कार्यसमितीको निर्णयलाई कार्यन्वयन गर्ने ।

ख) कार्य समितीको बैठक अध्यक्षको स्वीकृती लिई बोलाउने ।

ग) बैठकमा अध्यक्षको परामर्शले कार्य सूची तयार गरी बैठकमा पेश गर्ने ।

घ) सामान्य कार्यालय संचालन र नियन्त्रण सचिवले गर्ने ।

ङ) समूहको सम्पूर्ण कागजात बैठकको कितावको संरक्षण दुरुस्त राख्ने ।

च) बैठकमा प्रस्तावहरु सरसल्लाह छलफल भएको निर्णयहरु सबै कलमबन्द गर्ने ।

छ) सम्बन्धित निकायहरुसँग पत्रचार गर्ने निर्णयको प्रतिलिपी गाउँपालिका पशु सेवा शाखा, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञकेन्द्र लगायत सम्बन्धित निकायहरुलाई ३ दिन भित्र पठाउने ।

ज) समूहले पत्राचार गर्ने कागजातहरु तयार गरी अध्यक्षको दस्तखत गराई पठाउने ।

झ) समूहको नियमित प्रगती विवरणहरु तयार गर्ने ।

ञ) समूहको वार्षिक कार्ययोजना तयार गरी सम्बन्धित ठाउँमा पठाउने ।

ट) समूहले निर्णय गरेपछि अन्तमा निर्णय पढेर सुनाउने ।

१३.४) कोषाध्यक्ष :-

क) समूहको बचतकोषको पूर्ण जिम्मेवारी हुनेछ ।

ख) चाहिएको समयमा बचत रकम समूहलाई उपलब्ध गराउने ।

ग) समूहको आम्दानी खर्चको सम्पूर्ण हर हिसाव सही राख्नु पर्ने ।

घ) साधारण सभामा समूहको वित्तिय आर्थिक प्रतिवेदन पेश गर्ने तथा आर्थिक योजना प्रस्तुत गर्ने ।

ङ) अध्यक्षको स्वीकृतीमा रु १५००। सम्म खर्च गर्न सक्नेछ तर अर्को कार्य समितीको बैठकमा सोको विल भर्पाई पेश गर्ने ।

च) समुहको कोष बढाउन सक्रिय हुनु पर्ने ।

छ) समूहको आम्दानी तथा खर्चको लेखा परिक्षण गराउने जिम्मेवारी कोषाध्यक्षको हुनेछ ।

ज) समूहको नियमित मासिक बचत संकलन गर्ने ।

झ) समूहको कोष वृद्धि गर्ने योजनाहरु तयार गरी बैठकमा राख्ने ।

ञ) बैठकमा बेलाबखत समूहको आय व्यय हिसाव सदस्यहरुलाई सुनाउने ।

ट) समूहको कार्यमा भएका खर्चहरु अध्यक्षबाट प्रमाणित गराई फाईलमा राख्ने ।

१३.५) सदस्य :

क) सचिवले कार्य समितीको निर्णय अनुसार कार्य विभाजन गरी कार्यालयलाई दिए बमोजिम कामको कार्यान्वयन रेखदेख नियन्त्रण सम्बन्धित सदस्यले गर्नेछ । तर सचिव तथा अध्यक्ष प्रति निजको कार्यकाल सम्म जवाफदेही हुनु पर्नेछ ।

ख) कार्य समितीको बैठकमा प्रस्तुत प्रस्तावमा छलफल गर्न निर्णय दिने मत दिने ।

ग) कार्य समितीले दिएको लगाएको कार्य गर्ने ।

## परिच्छेद–६

### १४.आर्थिक व्यवस्था र परिचालन :-

१४.१) आर्थिक श्रोतः

क) यस समूहको सदस्यहरुबाट प्राप्त सदस्यता शुल्क ।

ख) समूहको अन्य क्रियाकलापबाट भएको आम्दानी ।

ग) कुनै पनि राष्ट्रिय, अन्तरराष्ट्रिय संघ संस्था वा व्यक्तिबाट प्राप्त चल अचल सम्पत्ती ।

घ) समूहको सदस्यले बचत गर्ने मासिक रकम ।

ङ) समूहबाट ऋण लगानी गर्दा व्याज ।

च) समूहले अन्य संघ संस्थाबाट पाएको अवसरबाट समूह सदस्यले पाउने निश्चित पारिश्रमिकबाट ३ प्रतिशत लेबी ।

छ) समूहका सदस्यले आफ्नो नामबाट गरेको बचत ।

ज) ऋण लगानी गर्दा प्राप्त १ प्रतिशत सेवा शुल्क ।

ञ) विलम्ब शुल्कबाट ।

ट) स्थानिय देउँसी, भैलो आदिबाट संकलित रकम ।

**१४.२) हितकोष :-**

क) श्री...................पशुपंक्षि पालन कृषक समुह मर्चवारी गाउँपालिका वडा नं.......... ......................... रुपन्देहीको एक हित कोष हुनेछ ।

ख) कोषको संचालन समुहले निर्णय गरे अनुसारका व्यक्तिहरुबाट हुनेछ ।

ग) .....................बैंक शाखा कार्यालय ....................., रुपन्देहीमा अलग खाता रहनेछ ।

घ) औषधीकोष तथा विमा कोष रकम समूहका कृषकले समूहको खातामा जम्मा गर्नेछ ।

ङ) विमा कोषको हकमा कृषकहरुले विमीत पशुको प्रिमियम बाफतको रकम प्रत्येक वर्ष जम्मा गर्नु पर्नेछ ।

च) यसको जानकारी सम्बन्धित वडा कार्यालय मार्फत रुपन्देही जिल्ला मर्चवारी गाउँपालिकाको कार्यालय पशु सेवा शाखालाई दिईनेछ ।

**१४.३) हितकोष परिचालन :-**

क) समूहका सदस्यहरुलाई आवश्यक भएमा हितकोषबाट ऋण सापटी लिन सक्नेछ ।

ख) सदस्यले ऋण माग गर्न निवेदन दिनु पर्नेछ ।

ग) पशुपालनको लागि दिएको ऋणमा १.५ प्रतिशत व्याज लाग्नेछ ।

घ) ऋणमा १.५ प्रतिशत मासिक व्याज लाग्नेछ ।

ङ) मासिक व्याज मासिक बचत रकम एवं ऋणी सदस्यले तोकेको ऋण किस्ता प्रत्येक महिना बुझाउनु पर्नेछ ।

च) ऋण लिंदा ऋण रकमको १ प्रतिशत सेवा शुल्क बुझाउनु पर्नेछ ।

छ) .................... बैंक शाखा कार्यालय ................. , रुपन्देहीमा अध्यक्ष ,सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट खाता संचालन हुनेछ ।

**१४.४) बिलम्ब शुल्क :-**

क) मासिक बचत रकम तोकेको समयमा नतिरेमा पहिलो महिना प्रति दिन रु ........ बिलम्ब शुल्क लाग्नेछ ।

ख) दोस्रो महिना प्रति दिन रु .......... र तेस्रो महिना रु ............. बिलम्ब शुल्क लाग्नेछ ।

ग) चौथो महिनाबाट सदस्यता खारेज हुनेछ ।

घ) प्रत्येक महिना बुझाउनु पर्ने ऋण किस्ता र व्याज नबुझाएमा पहिलो रु ...........दोस्रो महिना रु........... र तेस्रो महिना रु .......... प्रति दिन बिलम्ब शुल्क लाग्नेछ । चौथो महिना ऋण रकम व्याज ऋणी र जमानी सदस्यबाट असुल उपर गरिनेछ ।

ङ) एक सदस्यको जमानी बसेको सदस्यले अर्काको पुनः जमानी बस्नं पाउने छैन ।

च) जमानी सदस्यले ऋण पाउने छैन तर ऋणी सदस्यले ऋणको २ भाग तिरी सकेपछि जमानी सदस्यले ऋण पाउन सक्नेछ ।

छ) ऋण लिएको सदस्यले अरु सदस्यको जमानी बस्न पाउने छैन ।

ज) ऋण लिनको लागि रु २५००। सम्म एक सदस्यका जमानी रु ५०००। सम्मको लागि दुई सदस्य र रु १००००। सम्मका लागि ३ जना सदस्यको जमानी चाहिनेछ ।

झ) तीन भन्दा बढी सदस्य जमानीमा आवश्यकता पर्नेछैन ।

**१६) चल अचल सम्पतिको विवरण :-**

क) नगद रु.

ख) जिन्सीः

**१७) लेखापरिक्षण :-**

लेखापरिक्षण एक वर्षमा एक पटक गराउनु पर्दछ । आय व्ययको जाँच कोषाध्यक्षले गराउनु पर्नेछ र सोको प्रतिलिपी साधारण सभामा पेश गर्नु पर्नेछ । आर्थिक वर्ष श्रावण महिना देखि आषाढ मसान्त सम्मको हुनेछ । मुनाफा सम्पूर्ण सदस्यलाई प्रत्येक वर्षको लेखापरिक्षण पछि निजहरुको हिसाव खाता जम्मा गरिनेछ । समुहको लेखा परिक्षण नेपाल सरकारबाट स्वीकृत प्राप्त लेखा परिक्षक बाट गराईनेछ । समुहको हिसाव विवरण लेखा परिक्षण प्रतिवेदन सम्बन्धित वडा कार्यालय मार्फत मर्चवारी गाउँपालिका को पशु सेवा शाखामा पेश गरीनेछ ।

## परिच्छेद-७

**१८) निर्वाचन सम्बन्धी व्यवस्थाः-**

क) यस समूहको कार्य समिती कायम रहेको अवस्थामा सोही कार्यसमितीले र सो समिती कायम नै अवस्थामा आजीवन सदस्यहरुको बैठकले निर्वाचन अधिकृत निर्णय तय गर्नेछ ।

ख) निर्वाचनमा निर्वाचन अधिकृत नियुक्त भएको मितीले १ महिना भित्र निर्वाचन गराई सक्नु पर्नेछ । सो निर्वाचनमा पर्ने खर्च कार्य समितीले व्यवस्था गर्नेछ ।

ग) यसमा कार्य समितीको पदाधीकारीहरुलाई मतदान वा सहमतीद्धारा साधारण सभाको सदस्यहरुले छान्नेछन् ।

घ) समुहका सदस्यहरु मध्येबाट पदाधिकारीहरुको चयन प्रत्येक ३ वर्षमा गरीनेछ ।

ङ) उम्मेदवार हुन १ जना प्रस्तावक हुनु पर्नेछ ।

च) एउटै व्यक्ति दुईजना उम्मेदवारको प्रस्तावक हुन पाउने छैन ।

छ) निर्वाचनमा एक सदस्य एक मत हुनेछ । निर्वाचन गोप्य मतदानद्धारा हुनेछ । बहुमत प्राप्त व्यक्ति सदस्य निर्वाचित घोषित हुनेछ ।

**१९) पदावधी :-**

क) कार्य समिती सदस्य तथा पदाधिकारीहरुको पदावधि भएको मिती देखि ३ वर्षको हुनेछ ।

ख) सो गठित कार्य समितीको पदावधी समाप्त हुन ३ महिना अगावै समूहको साधारण सभा बोलाउन नयाँ कार्य समितिको निर्वाचन गराउन अनिवार्य हुनेछ ।

ग) कार्यरत रहेको निर्वाचन कार्यसमितीको कार्य अवधी समाप्त वा सुरु हुनासाथ सो कार्यसमिती भएको मानिनेछ ।

घ) कार्य समितिले विधानमा उल्लेखित आफ्नो कार्यकाल समाप्त हुने महिना अगावै निर्वाचन गर्न नसकेको तथा निजको कार्य अवधी समाप्त भए पछि सो कार्य समितीको आजीवन सदस्यहरुको समितीले आफ्नो समितीको बैठक बोलाई एउटा तदर्थ समिती खडा गरी सो तदर्थ समितीद्धारा साधारण सभाको बैठक बोलाई नयाँ कार्य समितीले गठन गर्नेछ ।

ङ) कार्य समितीको पदावधी समाप्त हुनु अगावै कार्यरत कार्य समिती कुनै किसीमबाट भङ्ग हुने भङ्ग भएको कार्य समितीले आफ्नो जिम्मा रहेको कागजपत्र, नगद, जिन्सी कार्यभार समेत सम्पूर्ण सदस्यको सभा बोलाई अथवा कार्यालय सचिव भए सो लाई भर्पाई लिनु पर्नेछ । नगरेमा यस समूहलाई हानी नोक्सानी भएमो सो कार्य समितीका अध्यक्ष र सचिव दुबैले संयुक्त बेहोर्नु पनेछ ।

**२०) उम्मेदारको अयोग्यता :-**

क) उम्मेदार पशुपालन पेशामा छैन ।

ख) पशुपंक्षिपालन समूहमा छैन ।

ग) जसले समूहको उद्देश्य विपरित कार्य गर्दछ ।

घ) मानसिक अवस्था सामान्य छैन् ।

ङ) फौजदारी अभियोगमा सजाय पाएको व्यक्ति ।

**२१) अविश्वासको प्रस्ताव :-**

साधारण सभाको सदस्यहरु मध्येबाट एक तिहाई सदस्यहरुले कार्य समिती उपर अविश्वास प्रस्ताव ल्याई एक दुई तिहाई सदस्यहरुबाट सो प्रस्ताव पारित भएमा कार्य समिती विघटन हुनेछ तर अविश्वासको प्रस्ताव आएमा मौका बाट बन्चित गरिने छैन ।

२२) यस समूहको अध्यक्षले उपाध्यक्ष समक्ष वा सचिव समक्ष र अध्यक्ष बाहेक अन्य कार्य समितीको पदाधीकारीहरु तथा सदस्यको राजिनामाको हकामा कार्यसमितीको बैठकबाट स्वीकृत नभए सम्म तिनीहरु आफ्नो पदमा रही रहनेछन् ।

२३) **विधान संशोधन :-**

समूहको विधान संशोधन गर्न आवश्यकता पर्न आएमा साधारण सभाको सदस्यहरु मध्येका कम्तीमा ५१ प्रतिशत सदस्यको उपस्थितीमा विधान मसौदा पेश गरिनेछ । सदस्यहरु मध्येका दुई तिहाई बहुमतबाट विधान संशोधन मसौदा पारित भएमा विधान संशोधन गरिनेछ ।

२४) **नियम बनाउने :-**

साधारण सभाले आन्तरिक संचालन नियमहरु बनाउन सक्नेछ ।

२५) **उप समितीहरु गठन गर्न सक्ने :-**

साधारण सभाले एवं कार्यसमितीले साधारण सभाको स्वीकृत लिई आफ्ना कार्यक्रमहरु संचालन गरी समूहको लक्ष्य उद्देश्य प्राप्त गर्न उप समितीहरु बनाउन सक्नेछ ।

२६) **समूहको विघटन :-**

**क)** समूहको विधान बमोजिम कार्य संचालन गर्न नसकी वा उद्देश्य प्राप्त गर्न असफल भए सहूहको विघटन हुनेछ यसरी समूह विघटन भए बचत सम्पूर्ण सदस्यलाई फिर्ता गर्नुपर्नेछ ।

ख) समूहमा बस्न नचाहनेमा ६ महिना सम्म सदस्य रहेको सदस्यको कुल बचतबाट ५ प्रतिशत बचत कट्टा गरिनेछ । भने १८ महिना सदस्य रही बचत गर्ने सदस्यको कुल बचतबाट १० प्रतिशत कट्टा गरिनेछ । १९ महिना बचत गर्ने सदस्यको कुल बचतबाट २० प्रतिशत कट्टा गरिनेछ भने २४ महिना भन्दा बढी समय सम्म सदस्य रही बचत गर्ने सदस्यलाई बचत व्याज र वार्षिक मुनाफा समेतमा सहभागी गराईनेछ । यदि कुनै सदस्यको मृत्यु भएमा निजले बचत गरेको सम्पूर्ण रकम निजको सब भन्दा नजिकको आफन्तलाई समूहले दिने व्याज सहित फिर्ता दिईनेछ । समूहले कुनै पनि संघ संस्था कार्यालयबाट पाएकों कुनै पनि अवसर सामग्रीहरु आवश्यकता हेरी समूहको बैठकबाट निर्णय गराई पालो पालो गरी सबै सदस्यले पाउने गरी वितरण गरिनेछ ।

**ग)** समूहको नियमित बैठक प्रत्येक महिनाको ५ गते बस्नेछ । समूहका बैठकहरु समितिहरुले तोकेको ठाउँ मिती र समयमा नियमितरुपमा बस्नेछ । पूर्व निर्धारित बैठकमा कुनै सदस्यले भाग लिन नसक्ने भएमा सोको जानकारी कारण सहित पहिले नै दिनुपर्छ लगातार ३ बैठकमा उपस्थित नहुने सदस्यलाई समूहको सहमतीका आधारमा निस्कासित गरिनेछ ।

अनुसुचि—१

श्री...........................................                                                            मिति :-

...............................................

**विषय :- समुह दर्ताको लागि अधिकार प्रत्याजोन गरेको बारे ।**

उपरोक्त सम्बन्धमा प्रस्तावित श्री .......................................पशुपंक्षि पालन कृषक समुह रुपन्देही जिल्ला मर्चवारी गाउँपालिका वडा नं. .... मा भेला भएका कृषकहरुले पशुपंक्षि पालन क्षेत्रको उत्पादन तथा उत्पादकत्व बढाउने उद्देश्यले पशुपंक्षिपालन कृषक समुह गठन गरी दर्ता गर्ने विनियममा सामान्य थपघटसहित आवश्यक सम्पुर्ण प्रक्रिया पुरा गरी मर्चवारी गाउँपालिकाको कार्यालय पशु सेवा शाखामा दर्ता गराउन निम्न नाम ठेगाना भएका तदर्थ समितिका तपशिल उल्लेख भए बमोजिम पदका पदाधिकारीलाई अधिकार प्रत्यायोजन गरिएको छ ।

**अख्यिार प्राप्त पदाधिकारी :-**

| क स | नाम थर | ठेगाना | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | अध्यक्ष | | |
| २ | | | सचिव | | |
| ३ | | | कोषाध्क्ष | | |

**आवेदक :-**

| क.सं. | नाम थर | ठेगाना | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| ४ | | | उपाध्यक्ष | | |
| ५ | | | सदस्य | | |
| ६ | | | सदस्य | | |
| ७ | | | सदस्य | | |
| ८ | | | सदस्य | | |
| ९ | | | सदस्य | | |
| १० | | | सदस्य | | |
| ११ | | | सदस्य | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | | | सदस्य | | |
| १३ | | | सदस्य | | |
| १४ | | | सदस्य | | |
| १५ | | | सदस्य | | |
| १६ | | | सदस्य | | |
| १७ | | | सदस्य | | |
| १८ | | | सदस्य | | |
| १९ | | | सदस्य | | |
| २० | | | सदस्य | | |
| २१ | | | सदस्य | | |
| २२ | | | सदस्य | | |
| २३ | | | सदस्य | | |
| २४ | | | सदस्य | | |
| २५ | | | सदस्य | | |

## अनुसुचि—२

**समुहको प्रतिवद्धता :-**

यस पशु सेवा प्रसार निर्देशिका बमोजिम समुहको भावना र मर्म अनुसार ईमान्दारीता र नैतिकताको आधारमा समुह संचालन गर्नेछौ यदि समुहमा हामी तपशिलमा उल्लेखित अस्थाई समुहका अध्यक्ष समेतका सवै सदस्यहरुले श्री ................................. पशुपंक्षि पालन कृषक समुह स्थापना गरी सुचारु रुपमा समुहका सदस्यहरुबाट प्राप्त भएको रकम तथा समुहको अन्य चल,अचल सम्पती हिनामिना वा हानी नोक्सानी हुन गएमा हामी स्वईच्छाले उक्त सम्पती तिर्न र बुझाउन तत्पर हुनेछौं भनि यो प्रतिवद्धता कागज पेश गरेका छौं ।

ईति सम्वत २०७९ साल ....................महिनाको.................गते रोज .........शुभम् ।

<u>तपशिल</u>

| क.सं. | नाम थर | ठेगाना | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | अध्यक्ष | | |
| २ | | | उपाध्यक्ष | | |
| ३ | | | सचिव | | |
| ४ | | | कोषाध्क्ष | | |
| ५ | | | सदस्य | | |
| ६ | | | सदस्य | | |
| ७ | | | सदस्य | | |
| ८ | | | सदस्य | | |
| ९ | | | सदस्य | | |
| १० | | | सदस्य | | |
| ११ | | | सदस्य | | |
| १२ | | | सदस्य | | |
| १३ | | | सदस्य | | |
| १४ | | | सदस्य | | |
| १५ | | | सदस्य | | |
| १६ | | | सदस्य | | |
| १७ | | | सदस्य | | |
| १८ | | | सदस्य | | |
| १९ | | | सदस्य | | |
| २० | | | सदस्य | | |
| २१ | | | सदस्य | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | | | सदस्य | | |
| २३ | | | सदस्य | | |
| ३४ | | | सदस्य | | |
| २५ | | | सदस्य | | |

अनुसुचि—३

समुहका सदस्यहरुको विवरण (फोटो सहित)

| क्रस | पति/पत्नीको नाम | सदस्यको नाम | पद | ठेगाना | जन्म मिति | पेशा | फोटो टास्ने र दस्तखत गर्ने |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |
| ११ | | | | | | | |
| १२ | | | | | | | |
| १३ | | | | | | | |
| १४ | | | | | | | |
| १५ | | | | | | | |
| १६ | | | | | | | |
| १७ | | | | | | | |
| १८ | | | | | | | |
| १९ | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २० | | | | | | | |
| २१ | | | | | | | |
| २२ | | | | | | | |
| २३ | | | | | | | |
| २४ | | | | | | | |
| २५ | | | | | | | |

कृषक समुह दर्ताका लागी आवश्यक निर्णयहरु

आज मिति ....................का दिन ............ गाउँपालिका वडा नं............वस्तीमा पशुपंक्षिपालन कृषक समुह गठनको लागि भेलाका जेष्ठ नागरिक .......................... ज्यूको अध्यक्षतामा वैठक वसी तपशिलका प्रस्ताव माथी छलफल गरि निम्न वमोजिम निर्णय गरियो ।

उपस्थिती

१.......................................

२.......................................

३......................................

४.......................................

५.......................................

**प्रस्ताव तथा निर्णयहरु**

प्रस्ताव नं. १ को निर्णय नं. १ माथि आवश्यक छलफल गर्दा ...............गाउँपालिका वडा नं..............रुपन्देहीमा तपशिल वमोजिमको पदाधिकारिकारीहरु रहने गरि पशुपंक्षि पालन कृषक समुह गठन गर्ने र सो समुहको नाम ..................................पशुपंक्षि पालन कृषक समुह राख्ने निर्णय सर्वसम्मत पारित गरियो ।

तपशिल

१).................................... अध्यक्ष

२).................................... उपाध्यक्ष

३.................................. सचिव

४................................. कोषाध्यक्ष

५...................................... सदस्य

६.................................... सदस्य

७.................................... सदस्य

८.................................... सदस्य

९.................................... सदस्य

१०.................................... सदस्य

११.................................... सदस्य

१२.................................... सदस्य

१३.................................... सदस्य
१४.................................... सदस्य
१५...................................... सदस्य

प्रस्ताव नं. २ को निर्णय नं. २ माथि आवश्यक छलफल गर्दा.......... गाउँपालिका वडा नं.............. रुपन्देहीमा गठित ............................. पशुपंक्षि पालन कृषक समुहको मासिक वैठक प्रत्येक महिनाको ....... गते वस्ने र प्रत्येक सदस्यले प्रति महिना रु .......... मासिक वचत (हितकोष) संकलन गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

प्रस्ताव नं. ३ को निर्णय नं. ३ माथि आवश्यक छलफल गर्दा ......... गाउँपालिका वडा नं.............. रुपन्देहीमा गठित ............................. पशुपंक्षि पालन कृषक समुहलाई दर्ताको लागि अख्तियार प्राप्त अधिकारी अध्यक्ष श्री ..........................सचिव श्री ........................ कोषाध्यक्ष श्री........................ लाई .......... गाउँपालिका पशु सेवा शाखा .............रुपन्देहीमा पठाउने निर्णय सर्वसम्मत पारित गरियो ।

प्रस्ताव नं. ४ को निर्णय नं. ४ माथि आवश्यक छलफल गर्दा ......... गाउँपालिका वडा नं.............. रुपन्देहीमा गठित ............................. पशुपंक्षि पालन कृषक समुहको खाता सँचालन अध्यक्ष श्री. ........................ सचिव श्री .................... कोषाध्यक्ष श्री......................... को सँयुक्त दस्तखतवाट संचालन हुनेगरी ............. वैंक ......... शाखा रुपन्देहीमा खाता खोल्ने निर्णय सर्वसम्मत पारित गरियो ।

ख) आवश्यक कागजातहरु
१.निर्णयको प्रतिलिपी
२.नागरिकता प्रमाणपत्रको प्रतिलिपी
३.कार्य समितिवाट तलमाथी हस्ताक्षर भएको विधान २ प्रति
४.अनुसुची ३ अनुसार फोटोमा पर्ने गरि हस्ताक्षर
५.७ देखि ११ समितिय कार्य समिती गठन
६. १५ देखि २५ सदस्यहरु संगठित समुह गठन